प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज- बाँके

**विषय विज्ञ रोष्टर गराउने सम्बन्धि सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०७९/०४/१७)

यस केन्द्रको "प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम" अन्तर्गत चालु आ.व.२०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा तपशिलमा उल्लेखित विषय/क्षेत्रहरुमा कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त तालिमहरु संचालनका लागि योग्यता पुगेका इच्छुक विषय विज्ञहरुले यस केन्द्रबाट तोकिएको ढाँचामा फर्म भरी आवश्यक कागजात सहित आवेदनका लागि अनुरोध छ।

विषयहरु:

क) स्थानीय तहहरूको राजस्व सुधार कार्ययोजना सम्बन्धी अनुशिक्षण।
ख) स्थानीय तहहरुको क्षमता विकास योजना सम्बन्धी अनुशिक्षण।
ग) स्थानीय तहहरुको आवधिक योजना सम्बन्धी अनुशिक्षण।
घ) स्थानीय तहको संस्थागत क्षमता स्वःमूल्याङ्कन ।
ङ) मध्यमकालिन खर्च संरचना सम्बन्धी अनुशिक्षण। ।
च) स्थानीय तहमा आन्तरिक नियन्त्रण प्रणाली ।
छ) वित्तीय जोखिम मुल्यांकन सम्बन्धी तालिम (FRA) ।
ज) प्रदेश सरकार र स्थानीय तहहरु बीच साझा प्राथमिकता पहिचान ।
झ) लैङ्गिक उत्तरदायी बजेट ।
ञ) बालमैत्री स्थानिय शासन तथा अपाङ्गता मैत्री स्थानीय शासन प्रवर्द्धन ।
ट) स्थानीय तहका लैससास सम्पर्क व्यक्तिको क्षमता विकास ।
ठ) कार्यस्थलमा हुने यौन दुर्व्यवहार र विभेद रोकथाम ।
ड) निर्वाचित तथा मनोनित महिला र पीछडिएको समुदायका जनप्रतिनिधिका लागि रुपान्तरणनीय नेतृत्व विकास तालिम
ढ) सेवाकालिन तालिम प्रशिक्षक (सहायक तथा अधिकृतस्तर)।
ण) सेवा प्रवेश तालिम प्रशिक्षक (सहायक तथा अधिकृतस्तर)।
त) प्रदेश तहका विशिष्ट व्यक्तिहरुलाई आतिथ्य व्यवस्थापन (Hospitality Management and Dining Etiquette) ।
थ) निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरुलाई सकारात्मक सोचको आधार : ज्ञान र विज्ञान" (AI)

कमानसिं थापामगर
कार्यकारी निर्देशक

२.आवश्यक कागजातहरू:

क) रीतपूर्वक दिईएको ढाँचामा आधिकारिक निवेदन (माथि उल्लेखित मध्ये आफूले कार्य गर्न चाहेको विषय/क्षेत्र स्पष्ट उल्लेख भएको) ।

ख) संस्था दर्ता र आ.व.२०७८/७९ को नविकरण अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि (प्रकृयामा रहेकोलाई आ.ब. २०७७/७८ को ।

ग) मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि ।

घ) आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र (प्रकृयामा रहेकोलाई आ.ब. २०७७/७८) को ।

ङ) फर्म, संस्था वा कम्पनीको प्रोफाइल र व्यक्तिको हकमा बायोडाटा

च) फर्म, संस्था वा कम्पनीको हकमा आ ब २०७८/७९ को आय व्यय झल्कने लेखा परीक्षण प्रतिवेदनको पाना (प्रकृयामा रहेकालाई आ.ब. २०७७/७८) ।

छ) कालो सुचीमा नरहेको स्व-घोषणा ।

३. माथि बुंदा नं. २ मा उल्लेखित सम्पूर्ण कागजातहरु (प्रत्येक विषय/क्षेत्रको छुट्टा छुट्टै निवेदन र कागजात) संस्थाको आधिकारिक व्यक्तिबाट सहीछाप गरी खामबन्दी गरी हुलाकद्वारा वा आफै उपस्थित भएर कार्यालय समयमा पेश गर्नु पर्नेछ ।

४. आवेदक फर्म, संस्था, कम्पनी वा व्यक्तिको आधिकारिक कागजातहरु, अनुभव तथा संस्थागत क्षमतालाई आधार मानी सूची तयार गरिनेछ ।

५. सूची दर्ताको निवेदन ढाँचा सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ (क) बमोजिम हुनुपर्नेछ छ ।

थप जानकारीका लागि
९८४८०२२६३४, ९८५७८३१९०६

2078/08/16
कमानसिं थापामगर
कार्यकारी निर्देशक